# एभरेष्ट बैंक लिमिटेडको
# २६ औं वार्षिक साधारण-सभा सम्बन्धी सूचना

यस बैंकको मिति २०७७ साल मार्ग ३० गते बसेको संचालक समितिको ३२३ औं बैठकको निर्णय अनुसार २६ औं वार्षिक साधारण-सभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएको हुंदा सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति:** २०७७ साल पौष २७ गते सोमबार तदनुसार ११ जनवरी २०२१

**स्थान:** एभरेष्ट बैंक लिमिटेड, केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौं

**समय:** बिहान ११.०० बजे

## बैंकका २६ औं वार्षिक साधारण-सभाको छलफलको बिषय सूची

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०७७ साल आषाढ ३१ गतेको वासलात, सोही मितिमा समाप्त आ.व. २०७६/७७ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने,

३. मिति २०७७/०७/१९ मा बसेको सञ्चालक समितिको ३२२ औं बैठकले, शेयरधनीहरुलाई निम्न बमोजिम नगद लाभांश तथा बोनस शेयर प्रदान गर्ने सिफारिश गरेकोले सो प्रस्ताव छलफल गरी पारित गर्ने,

(क) ५% का दरले बोनस शेयर जारी गर्ने - विशेष प्रस्ताव,

(ख) ५.५३% नगद लाभांश (बोनस शेयर र नगद लाभांशमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिशलाई छलफल गरी पारित गर्ने,

४. प्रबन्ध-पत्र संशोधन सम्बन्धि विशेष प्रस्ताव पारित गर्ने,

पुक्ता पूँजी वृद्धि:

(क) बैंकले प्रस्तावित रु. ४२,३५,१०,३४२ बराबर बोनस शेयर जारी भए पश्चात चुक्ता पूँजी बृद्धि हुने भएकोले चुक्ता पूँजी वृद्धि गर्न प्रबन्धपत्र संशोधन गर्ने।

(ख) नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम संस्थापक समूहको शेयर सर्वसाधारण समूहमा परिणत भए पश्चात संस्थापक समूह र सर्वसाधारण समूहको शेयर स्वामित्व संरचना परिवर्तन गर्न प्रबन्धपत्रको दफा ५ संशोधन गर्ने ।

५. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने दुईजना सञ्चालकको निर्वाचन गर्ने ।

६. आ.व. २०७७/७८ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने।

७. विविध

संचालक समितिको आज्ञाले,
(कम्पनी सचिव)

## शेयर दाखेल खारेज किताब बन्द रहने

बैंकको शेयर दाखिल खारेजको काम २०७७ साल पौष १० गते देखि २०७७ साल पौष २७ गतेसम्म बन्द रहनेछ।

**नोट:**

१) विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस महामारी रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट जारी गरिएका स्वास्थ्य सम्बन्धी निर्देशन र मापदण्डहरुको सम्मान र परिपालना गर्दै अनलाईन ZOOM मार्फत सभामा सहभागी हुने र आफ्नो मन्तव्य राख्न सक्ने व्यवस्था मिलाइएको हुँदा कोरोना भाइरसको संक्रमणबाट बच्न र बचाउन यथासक्य अनलाईन ZOOM मार्फत उपस्थित हुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध छ। अन्य बैंक तथा वित्तीय संस्थाहरुले समेत ZOOM मार्फत साधारण-सभा संचालन गरेका छन।

२) ZOOM मार्फत उपस्थित भई साधारण-सभामा उपस्थित भई साधारण-सभामा सहभागी हुने शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै आफ्नो शेयर प्रमाण-पत्र वा शेयर अभौतिकरण गरिसकेका शेयरधनीहरुको हकमा हितग्राही (DMAT Account) नम्बर, BOID Statement र आफ्नो परिचय खुल्ने (जस्तै: नागरिकताको प्रमाण-पत्र वा अन्य कुनै परिचय-पत्र) कम्पनी सचिवको कार्यालय वा ईमेल ठेगाना suresh.chapagain@ebl.com.np मा पठाउनु पर्ने छ। शेयरधनी महानुभावहरुको हितग्राही (DMAT Account) नम्बर, BOID Statement र आफ्नो परिचय खुल्ने (जस्तै: नागरिकताको प्रमाणप-त्र वा अन्य कुनै परिचय-पत्र) प्राप्त भए पश्चात शेयरधनी महानुभावहरुलाई ZOOM मार्फत साधारण-सभामा उपस्थित हुनका लागि आवश्यक हुने MEETING ID / PASSWORD उपलब्ध गराईने छ। ZOOM मार्फत संचालन हुने साधारण-सभा सम्बन्धि अन्य कुनै जिज्ञासा भएमा शेयरधनी महानुभावहरुले कम्पनी सचिवको सम्पर्क नं. ९८५११०७७६६ मा सम्पर्क गर्न सक्नु हुने छ। यस बैंकका शेयरधनी महानुभावहरु बाहेकको अन्य व्यक्तिहरुको प्रवेश नहोस भन्ने उद्देश्यले सम्बन्धित शेयरधनी महानुभावहरुलाई मात्र साधारण-सभाको MEETING ID र PASSWORD उपलब्ध गराउने व्यवस्था गरिएको हो।

३) नगद लाभांश सम्बन्धित शेयरधनी महानुभावहरुको बैंक खातामा जम्मा गर्ने प्रयोजनका लागि बैंक खाता नभएका शेयरधनी महानुभावहरुले बैंक खाता खोलि अनिवार्य रुपमा जानकारी गराई दिनु हुन अनुरोध छ। बैंक खाता प्राप्त भए पश्चात यथाशिघ्र शेयरधनी महानुभावहरुको बैंक खातामा नगद लाभांश जम्मा हुने छ।

४) साधारण-सभा शुरु हुनु भन्दा १ घण्टा आगाडी बाट ZOOM खुल्ला गरिने छ।

५) शेयरधनि महानुभावहरुले वार्षिक प्रतिवेदन लिनका लागि काठमाण्डौं उपत्यकामा रहेका बैंकको शाखा कार्यालयहरु वा केन्द्रिय कार्यालय र काठमाण्डौं उपत्यका बाहिरको हकमा यस बैंकका मुख्य शहरमा रहेको शाखा कार्यालयहरुमा सम्पर्क गर्न सक्नु हुनेछ।

(साधारण-सभा ZOOM मार्फत सहभागी हुने शेयरधनी महानुभावहरुलाई MEETING ID र PASSWORD उपलब्ध गराउने व्यवस्था गरिएको छ।)

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A Joint-Venture with punjab national bank, India)

एभरेष्ट बैंक लिमिटेड
केन्द्रिय कार्यालय, ईबिएल हाउस
लाजिम्पाट, काठमाडौं,
फोन नं. ०१-४४४३३७७

दिगो, दरिलो र विश्वासिलो

Scanned with CamScanner